# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७३।०३।३१ गते

## प्रेस विज्ञप्ति

**विषय: कोसेबाली अनुसन्धान केन्द्र खजुरा बाँकेमा कार्यरत प्राबिधिक अधिकृत बिरेन्द्र कुमार यादवलाई घुस रकम सहित रंगेहात पक्राउ ।**

---

नेपाल कृषि अनुसन्धान परिषद, काठमाण्डौं दरबन्दी भई कोसेबाली अनुसन्धान केन्द्र खजुरा, बाँकेमा कार्यरत प्राबिधिक अधिकृत बिरेन्द्र कुमार यादवले कृषि अनुसन्धान केन्द्र, खजुरा, बाँके र कोसेबाली अनुसन्धान केन्द्र खजुरा, बाँकेको हाता भित्र कानुन बमोजिम टेण्डर भई मिति २०७२/१०/२३ मा उक्त दुई कार्यालयका प्रमुखहरु र निर्माण व्यवसायीका प्रोपाईटरहरुसँग सम्झौता गरी पेश्की रकम समेत नलिई डिप बोरिङ्ग र बिधुत लाईन बिस्तार गरी सम्झौता बमोजिमको कार्य सम्पन्न समेत गरी मिति २०७३/०३/२५ मा अन्तिम बिल भुक्तानीको लागि निवेदन दिंदा बिल भुक्तानीको लागि प्राविधिक अधिकृतले कानुन बमोजिम गर्नुपर्ने कार्य नगरी अनेक निहुँ पारी आलटाल गरी उक्त बिल भुक्तनीका लागि निर्माण व्यवसायीकसँग रु.२,५०,०००।- (अक्षरुपी दुई लाख पचास हजार) घुस रकम माग गरेकोले निज उपर कारवाही गरीपाउँ भनि पर्न आएको उजुरी एवं घुस/रिसवत बापतको रकम लेनदेन हुन गइरहेको भन्ने सूचनाको आधारमा मिति २०७३।०३।३१ गते आयोगको कोहलपुर स्थित कार्यालयबाट खटी गएको टोलीले निज कोसेबाली अनुसन्धान केन्द्र खजुरा, बाँकेमा कार्यरत प्राविधिक अधिकृत बिरेन्द्र कुमार यादवलाई रु.२,५०,०००।- (अक्षरुपी दुई लाख पचास हजार) घुस/रिसवत रकम लिई साथमै राखेको अवस्थामा कोसेबाली अनुसन्धान केन्द्र खजुरा, बाँकेको कम्पाउण्डबाट घुस/रिसवत बापत लिएको रकम सहित रंगेहात नियन्त्रणमा लिई अनुसन्धान कार्य भईरहेको छ ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता